# लक्ष्य क्यापिटल लिमिटेडको
# विशेष साधारण सभा सम्बन्धी सूचना

यस कम्पनीको मिति २०८१/०९/२५ गते बिहिबार बसेको सञ्चालक समितिको ३६ औं बैठकको निर्णय अनुसार कम्पनीको विशेष साधारण सभा देहायका विषयहरुमा छलफल तथा निर्णय गर्नको लागि २०८१/१०/१२ गते शनिबार बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**विशेष साधारण सभा हुने मिति, स्थान र समयः**

मिति : २०८१ साल माघ १२ गते, शनिबार (तदनुसार २५ जनवरी, २०२५)
स्थान : साउथवेस्टर्न स्टेट कलेज, बसुन्धरा, काठमाडौँ
समय : बिहान ११:०० बजे देखि ।

**छलफल तथा निर्णयका लागि निर्धारित प्रस्तावहरु**

(१) कम्पनीको नाम परिवर्तन गरी प्रबन्धपत्र र नियमावली संशोधन गर्ने सम्बन्धमा ।
(२) विविध ।

**विशेष साधारण सभा सम्बन्धी सामान्य जानकारी**

१) २०८१ माघ ११ गते सम्म श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट शेयर लगत प्रमाणित भै कायम रहेका शेयरधनीहरु मात्र विशेष साधारण सभामा उपस्थितिका लागि योग्य हुनेछन् ।

२) प्रोक्सी दिन चाहने शेयरधनी महानुभावहरुले कम्पनीको वेवसाईट www.lakshyashare.com मा कम्पनीले शेयरधनीहरुलाई उपलब्ध गराएको १३ अंकको आवेदन नम्बरबाट प्रोक्सी फारम डाउनलोड गरेर सम्पूर्ण सूचनाहरु भरी contact@lakshya.com मा इमेल वा +९७७-९८०१०२५६२७ मा ह्वाट्सएप (WhatsApp) तथा भाइबर (Viber) माध्यमबाट साधारण सभा सुरु हुनुभन्दा २४ घण्टा पहिले अर्थात् मिति २०८१/१०/११ गते बिहान १०:०० बजेसम्म ईमेल वा ह्वाट्सएप (WhatsApp) तथा भाइबर (Viber) गरिसक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति कम्पनीको शेयरधनी हुनु अनिवार्य छ । कुनै कारणबश कुनै शेयरधनीले प्रोक्सी दिई आफै उपस्थित भएमा निजको प्रोक्सी रद्द हुनेछ ।

३) एक भन्दा बढी व्यक्तिहरुको नाममा शेयरदर्ता रहेको अवस्थामा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एक जनाले मात्र वा लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भागलिन सक्नु हुनेछ । कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयर वालाको हैसियतले सभामा भागलिन सक्नु हुनेछ ।

४) कुनै शेयरधनी महानुभावले छदफलका विषयहरु मध्ये विविध शिर्षक अर्न्तगत कम्पनी सम्बन्धी कुनै विषयमा छलफल गर्न गराउन चाहेमा सभा हुनु भन्दा ७ दिन अगावै कम्पनी प्रचलित कानुन अनुसार सचिव/कर्मचारी मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा प्रस्ताव दिनुपर्नेछ । तर त्यस्तो प्रस्ताव साधारण सभामा छलफल वा पारितको रुपमा समावेस गर्ने वा नगर्ने अधिकार सञ्चालक समितिको अध्यक्षमा निहीत हुनेछ ।

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव, लक्ष्य क्यापिटल लिमिटेड

ललितपुर म.न.पा. वडा नं. १५, सातदोबाटो, ललितपुर, फोन ५४०२७७७
Email: contact@lakshyashare.com, URL: www.lakshyashare.com